# प्रेस विज्ञप्ती

पौष ३०, २०७८

## सिद्धार्थ बैंक लिमिटेडको १५ प्रतिशत लाभांश पारित

सिद्धार्थ बैंक लिमिटेडको बीसौं वार्षिक साधारण सभा मिति २०७८ पौष ३० गते शुक्रबार बैंकका अध्यक्ष श्री मनोज कुमार केडियाको अध्यक्षतामा सम्पन्न भएको छ ।

साधारण सभाले बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैँया मात्र) को १४.२५ प्रतिशत बराबर रु. १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैंया मात्र) बोनस शेयर तथा ०.७५ प्रतिशत बराबर रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैंया मात्र) को नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने लगायतका प्रस्तावहरु पारित गरेको छ ।

वि.सं. २०५९ सालमा स्थापना भए देखिनै सिद्धार्थ बैंक ग्राहकवर्गको चाहाना बमोजिम सेवा प्रदान गर्न प्रतिबद्ध रहदै आएको छ । ग्राहकका लागि नवीनतम प्रविधिमैत्री सेवा विस्तार गर्दै १९ वर्षको सफल यात्रा पुरा गरेको यस सिद्धार्थ बैंक सम्पूर्ण सेवा ग्राहीहरुलाई उत्कृष्ट सेवा प्रदान गर्न सधैँ प्रयत्नरत रहेको छ । बढि भन्दा बढी नेपाली माझ बैंकिङ्ग पहुँच पुऱ्याउने उद्देश्यका साथ बैंकले हालसम्म १८९ शाखा, २०८ ए टि एम्, ११४ शाखारहित बैंकिङ्ग, १,८९० पि ओ एस् मार्फत देश भरीनै आफ्नो सञ्जाल विस्तार गरेको छ ।